# विदुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल

फोन: ०१०-५६०४६९
०१०-५६००६३


प.सं.:-
च.नं.:-

**अपांगता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुर्नस्थापना (CBR) कार्यक्रम सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति :२०८१/१०/३०

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको, स्वीकृत बार्षिक कार्यक्रम अर्न्तगत नुवाकोट जिल्ला, विदुर नगरपालिकामा समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम सञ्चालन गर्न समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम सञ्चालन गर्ने गैरसरकारी (स्वाबलम्वी, पुर्नस्थापना वा विकास सम्वन्धी) संस्था छनौट गरी साझेदारीमा कार्यक्रम संचालन गर्नु पर्ने भएकोले यस नगरपालिकामा स्थायी बसोबास गर्ने अपांगता भएका व्यक्तिहरुका लागि सामाजिक विकास मन्त्रालयको "**स्थानीय तहमा विनियोजित सशर्त अनुदानको वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन तथा समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०८०**" मा उल्लेख गरिएको शर्तहरु पुरा गर्ने गरी तपशिलमा उल्लेख भए बमोजिम योग्यता पुगेका संघ/संस्थाहरुले आवश्यक कागजासहित मिति २०८१।११।१४ गते भित्र यस नगरपालिकाको महिला तथा बालबालिका शाखा, विदुर नगरकार्यपालिकाको कार्यालय समयमा साझेदारी गर्ने रकम समेत खुलाई पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

### १. कार्यक्रम गर्न इच्छुक संघ संस्थाहरुको योग्यता :

सम्बन्धित क्षेत्रमा काम गर्ने उद्देश्य स्पष्ट भएको संघ/संस्था दर्ता र नवीकरण भएको हुनु पर्नेछ । साथै अनुदान प्राप्त गर्ने आ.व भन्दा कम्तीमा अघिल्लो आ.व मा दर्ता भएको हुनुपर्नेछ । चालु आ.व मा कुनै सरकारी अनुदानमा उक्त क्षेत्रमा अनुदान प्राप्त नगरेको स्वघोषणा ।

### क. दरखास्त संगै अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु :

१. जिल्ला प्रशासन कार्यालयमा दर्ता गरेको प्रमाणपत्र ।

२. संस्था नवीकरण गरिएको कागजात ।

३. आ.व.२०८०।०८१ को लेखापरीक्षण प्रतिवेदन ।

४. संस्थाको विधानमा अपाङ्गताको क्षेत्रमा कार्य गर्ने प्रावधान स्पष्ट उल्लेख भएको ।

५. कर बुझाएको प्रमाणपत्र र स्थायी लेखा नम्बर ।

### ख. पेश गर्नुपर्ने अन्य कागजातहरु :

१. अपाङ्गता क्षेत्रमा काम गरेको अनुभव सम्बन्धी कागजातहरु ।

२. कार्यक्रमको इकाईगत दर स्प्रष्ट खुलेको कार्यक्रम प्रस्ताव ।

२. संस्था दर्ता नवीकरण, विधान, प्रशासनिक र आर्थिक विनियमावलीको छायाँकपी ।

३. आ.व.२०८०।०८१ को बार्षिक प्रगति प्रतिवेदन ।

४. संस्थाको भौतिक पूर्वाधारको अवस्था दर्शाउने कागजातहरु ।

५. संस्थाको जनशक्ति विवरण । (परिचयपत्रको प्रतिलिपि समेत )

६. काम गर्ने इच्छुक संघ/संस्था यस नगरपालिकामा सूचिकृत भएको हुनुपर्नेछ ।

२०८१।१०।३०
सुभाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत